सन् 1994 देखिनै उपलब्ध रहेका कतिपय विशेषज्ञ वकालत सेवाहरूको थप व्यवस्थापन तथा विकास गर्ने उद्देश्यले साउथ अभ इंगलैंड एडभकेसि परियोजना एउटा पञ्जिकृत परोपकारी संस्था तथा सीमित कम्पनीको रुपमा सन् 2000 मा स्थापित भएको हो।

सेवा प्राप्त गर्ने मानिसहरूको जीवनमा वास्तवमै एउटा फरक ल्याउने खाले सशक्तिकरण तथा व्यक्तिमुखि व्यवहारहरूलाई यथार्थमा लागु गरिने कुराको सुनिश्चित गर्न स्थानीय तथा राष्ट्रिय स्तरमा परिवर्तनका साथ स्थापति सोचलाई चुनौति दिँदै; SEAP ले वकालतको उच्चस्तरिय सेवा प्रदान गर्ने क्षेत्रमा एउटा प्रतिष्ठा कायम गरेको छ।

संस्थाको उद्देश्य भनेको स्वास्थ्य तथा सामाजिक सेवाहरूको प्रयोग गर्ने मानिसहरूको विचार, आकांक्षा तथा भावनाहरूलाई सेवा प्रदायकहरूमा अवगत गराइने कुराको सुनिश्चित गर्नु; तथा विशेष मुद्दाहरूको समाधान खोज्ने व्यक्ति वा समूहहरूलाई वकालत सहयोग प्रदान गर्नु हो। यसले यो उद्देश्य प्रमुख रुपमा दुइवटा तरिकाद्वारा हासिल गर्दछः

- विशेष मुश्किल, समस्या वा शिकायत रहेका मानिसहरूलाई वकीलहरूले जानकारी, सहयोग तथा प्रतिनिधित्व प्रदान गर्दछन्।
- मानिसहरूको अनुभवहरू सेवा नियोजन, कार्यान्वयन तथा अनुगमनमाथि केन्द्रित रहनेछ भनेर सुनिश्चित गर्ने लक्ष राख्दै संस्थाले प्रत्यक्ष रुपमा स्थानीय तथा राष्ट्रिय स्तरमा सेवा प्रदायकहरूसित मिलेर काम गर्दछ।

SEAP परियोजनाले निम्न लगायतका विविध क्षेत्रका मानिसहरूलाई केसवर्क एडभकेसि र सम्बन्धित सेवाहरू उपलब्ध गर्दछः

- मानिसक स्वास्थ्य समस्या रहेका वयस्कहरू
- बच्चा तथा युवाहरू
- शिक्षण असमर्थता रहेका वयस्कहरू
- NHS स्वास्थ्य सेवाबारे उजुरी गर्न चाहने बच्चा/युवाहरू तथा वयस्कहरू
- शारीरिक असमर्थता रहेका वयस्कहरू
- संवेदनात्मक अपांगता रहेका मानिसहरू
- बुडापाका मानिसहरू

वकालत निम्न लगायतका विविध परिवेशमा प्रदान गरिन्छः

- सुरक्षित इकाइहरू
- अस्पतालहरू
- दिवा सेवाहरू
- वयस्क मानसिक इकाइहरू
- बाल गृहहरू
- आपराधिक मानसिक इकाइहरू
- सेवा गृहहरू
- कारागार
- निवृत्ति इकाइहरू
- समुदायमा आधारित परियोजनाहरू

मानिसहरूले हाम्रो कुनै कार्यालयमा अथवा उनीहरूले रोजेको कुनै स्थानमा एकजना वकीलसित भेट्न पनि सक्नेछन्।

SEAP सेवाहरूले स्वास्थ्य तथा सामाजिक सेवाका सेवा प्रदायकहरूलाई प्रत्यक्ष वकालत तथा अधिकारमा आधारित तालीमहरू पनि प्रदान गर्दछ; तथा यी निकायहरूमा कर्मचारी नियुक्त गर्ने काममा संलग्न हुने सेवा प्रयोगकर्ताहरूलाई तालीम, सहयोग तथा सशक्तिकरण प्रदान गर्छ। सेवा प्रयोगकर्ताहरू SEAP कर्मचारीहरूको आन्तरिक नियुक्ति प्रक्रिया तथा तालीम कार्यक्रममा एउटा प्रमुख अंगको रुपमा काम गर्छन्।